


राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily




❑ वर्ष २२ ❑ अङ्क १९२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ साउन १० गते आइतबार ❑ 25 July 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## प्रभावकारी ढङ्गले सरकार सञ्चालन गर्ने गठबन्धनको निर्णय

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ साउन**

पाँच दलीय गठबन्धनलाई थप प्रभावकारी बनाउँदै सरकार सञ्चालनमा सहयोग गर्ने शीर्ष नेताहरूबीच सहमति भएको छ। प्रधानमन्त्री निवासमा शनिबार साँझ भएको बैठकमा प्रभावकारी ढङ्गले सरकार सञ्चालन गर्ने निर्णय भएको हो।

बैठकमा मन्त्रिपरिषद् विस्तार, समसामयिक राजनीतिक परिस्थिति, सरकारका भावी योजना, महामारी नियन्त्रणको प्रयासलगात विषयमा शीर्ष नेताहरूबीच गम्भीर विचारविमर्श भएको माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल( प्रचण्ड)का प्रेस विज्ञ विष्णु सापकोटाले जानकारी दिए।

बैठकमा प्रधानमन्त्री एवं नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा(माओवादी केन्द्र)का अध्यक्ष दाहाल, नेकपा(एमाले)का नेता माधवकुमार नेपाल, जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादव र राष्ट्रिय जनमोर्चा नेपालका अध्यक्ष चित्रबहादुर केसी सहभागी रहेका थिए। माओवादी केन्द्रका अध्यक्ष दाहाल र पूर्व प्रधानमन्त्री नेपालबीच कोटेश्वर स्थित नेता नेपालको निवासमा समसामयिक विषयमा छलफल भएको थियो।

## सराङकोटमा गणेश मन्दिर निर्माण हुने

### मन्दिर सहितका अन्य भौतिक संरचना निर्माणमा सहयोग गछौं: अर्थमन्त्री बराल

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ साउन**

गण्डकी प्रदेशका अर्थमन्त्री रामजी प्रसाद बराल जीवनले पोखरा १८ को सराङकोटमा हाल निर्माण हुन लागेको गणेश मन्दीर सहितका अन्य भौतिक संरचना निर्माणको लागि सहयोग गर्ने बताएका छन्।



२३ लाख ७५ हजारको लगानीमा निर्माण हुने गणेश मन्दीरको शनिबार शिलन्यास गर्दै मन्त्री बराललेे सराङकोट क्षेत्रको धार्मिक पर्यटन प्रबर्द्धन गर्न मन्दीर सहित थप भौतिक संरचना निर्माणमा समेत आफ्नो क्षेत्रबाट विशेष पहल गर्ने बताए।

सराङकोट क्षेत्रको धार्मिक पर्यटन प्रबर्द्धन गर्न आफ्नो क्षेत्रबाट सक्दो सहयोग गर्ने मन्त्री बरालले जनाए। अर्थ मन्त्रीमा पदभार गरेको भोलि पल्ट पहिलो औपचारिक कार्यक्रममा सहभागी हुदै मन्त्री बरालले सराङकोटबासीले आफु प्रति देखाएको सदभावले आफुलाई थप जिम्मेवार बनाएको जनाए। सकेसम्म छिटो छरितो ढंगले धार्मिक पर्यटकीय गन्तव्यहरुको भौतिक संरचना निर्माणमा जुट्नु पर्ने उनको भनाइ थियो।

यसैबिच मन्त्री बराललाई सराङकोटको ग्यारजातिमा भिर कुटी आमा समुह सहितका स्थानीयले खानेपानीको समस्याको बारेमा जानकारी गराउदै बधाई ज्ञापन गरेका थिए। समितिले समेत मन्त्री बराललाई फुलमाला र खादा लगायर कार्यकालको सफलताको कामना गर्दै बधाई ज्ञापन गरेका थिए। सराङकोट धार्मिक तथा पर्यटकीय बृहत गुरुयोजना अन्तर्गत निर्माण गरिने गणेश मन्दिरको शनिबार शिलान्यास गरिएको सराङकोट धार्मिक क्षेत्र विकास समितिका अध्यक्ष प्रेम बहादुर जिसीले बताए। करिब साँढे ३ बर्ष अघि राम बहादुर थापाले महायज्ञ गर्दा संकल्प गरेको ११ लाख सहित हाल २३ लाख ७५ हजार मुल्यको लगानीमा उक्त मन्दीर निर्माण गर्ने भएको बताए। उनका अनुसार ३/४ महिनामा गजुर सहित तीन तले मन्दीर निर्माण हुन्छ। सराङकोटको बृहत योजना अन्तर्गत हालसम्म

बाँकी अन्तिम पृष्ठमा ▶▶

## एकताबद्ध एमाले बनाउन लागिपरेका छौँ : नेता गुरुङ

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ साउन**

नेपाल कम्युनिष्ट पार्टी (एमाले) स्थायी कमिटीका सदस्य एवं गण्डकी प्रदेशका निर्वतमान मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले सबैलाई एकै ठाउँमा ल्याएर पार्टीलाई एकताबद्ध बनाउने प्रयास भइरहेको बताएका छन्।

पार्टी निकट युवासङ्घ नेपाल गण्डकी प्रदेशको शनिबार पोखरामा कार्यालय उद्घाटन गर्दै उहाँले पार्टी अनुशासन तोडेर हिँडेकालाई पार्टीमा फर्केर गल्ती स्वीकार गरे आममाफी दिइने बताए। उनले भने, "सकेसम्म माधव नेपालसहितको एकताबद्ध पार्टी बनाउँछौँ। त्यसो हुन नसके प्रभाव भएका नेताहरूलाई ल्याएर एमालेलाई नयाँ शिराबाट अघि बढाउँछौँ।" एमाले कमजोर हुँदा राष्ट्रिय स्वाधिनता कमजोर हुने र विकास निर्माणलगायतका काममा असर पर्ने भएकाले समेत जनताको चाहनासमेत एकताबद्ध एमाले भएको नेता गुरुङको भनाइ छ। आगामी स्थानीय तह, प्रदेश र सङ्घीय चुनावमा एमालेले एकल बहुमत प्राप्त गर्ने गरी सङ्गठन निर्माण, विकास निर्माण र रुपान्तरणको काममा केन्द्रित हुन युवालाई उनले आग्रह गरे।

युवासङ्घका पूर्वअध्यक्ष एवं गण्डकी प्रदेशसभा सदस्य राजीव पहारीले केपी शर्मा ओली सरकार र प्रदेशमा पृथ्वीसुब्बा गुरुङको सरकारले गरेका राम्रा कामको जनतामा प्रचार-प्रसार गर्दै निर्वाचनको तयारीमा लाग्नुपर्ने बताए।

## रोकिएन कोरोना संक्रमण बढ्ने क्रम, १६ को मृत्यु

**रासस**
**काठमाडौं, ९ साउन**

नेपालमा कोराना सङ्क्रमितको सङ्ख्या बढ्दै गएको छ। पछिल्लो २४ घण्टामा सङ्क्रमितको सङ्ख्या बढेर तीन हजार ११४ पुगेको छ।

यससँगै नेपालमा कोरोना भाइरसबाट सङ्क्रमितको सङ्ख्या सात लाख ७९ हजार १७ पुगेको छ। शुक्रबार सङ्क्रमितको सङ्ख्या दुई हजार ९७७ थियो। पछिल्लो २४ घण्टामा थप १० हजार ६३५ जनाको पिसिआर परीक्षण तथा चार हजार २८५ जनाको एन्टिजेन परीक्षण गरिएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ। पिसिआर विधिबाट दुई हजार ३०९ तथा एन्टिजेन विधिबाट परीक्षण गर्दा ८०५ जनामा सङ्क्रमण पुष्टि भएको हो। हालसम्म छ लाख ४१ हजार ५६५ जना कोरोना भाइरसबाट मुक्त भइ घर फर्किएका छन्। पछिल्लो २४ घण्टामा देशभर दुई हजार १९७ सङ्क्रमित निको भइ घर फर्किएको मन्त्रालयले जनाएको छ। पछिल्लो समय नेपालमा कोरोना भाइरसको सङ्क्रमणबाट थप १६ सङ्क्रमितको मृत्यु भएको छ। योसँगै कोरोना भाइरसको सङ्क्रमणबाट ज्यान गुमाउनेको सङ्ख्या नौ हजार ६९५ पुगेको मन्त्रालयले जनाएको छ। शुक्रबार कोरोनाबाट १८ जनाले ज्यान गुमाएका थिए।

## 'जीवनलाई प्रकाशमय बनाउन गुरुपरम्पराको महत्व'


**पोखरापत्र संवाददाता**
**पोखरा, ९ साउन**

गण्डकी प्रदेश प्रमुख सीताकुमारी पौडेलले ज्ञानरूपी प्रकाशले अज्ञानरूपी अन्धकारलाई चिरेर जीवनलाई प्रकाशमय बनाउन गुरु परम्पराको महत्व रहेको बताउनुभएको छ।



मानव मिलन संस्था पोखराले गुरु पूर्णिमाका अवसरमा संस्थाका संस्थापक नेपाल केशरी डा मणिभद्रमुनिजी महाराजको चतुर्मास प्रवेश समारोहमा प्रमुख पौडेलले गुरुको महत्व दर्शाउँदै हरेक शिष्यले गुरुबाट प्राप्त ज्ञानको पालना गर्न सके जीवन सार्थक हुने बताउनुभएको हो।

गुरु परम्परा प्राचीन सनातन परम्परा रहेको जनाउँदै उहाँले गुरुले शिष्यलाई शिक्षा दिनेमात्रै नभएर आफ्नो आश्रममा राखेर पालना गर्नुपर्ने नियमको ज्ञान बाँड्ने सदियौँदेखि चलिआएको परम्परा भएको बताउनुभयो। द्रोणाचार्यले जस्तै हरेक गुरुले आफ्ना शिष्यलाई अर्जुन बनाउन प्रयासरत रहेको स्मरण गराउँदै उहाँले ज्ञान हासिल गरेपछि त्यो ज्ञानको पूर्ण पालना गरेर जीवनलाई ज्योर्तिमय बनाउन सके मात्र गुरुप्रतिको सच्चा सम्मान हुने धारणा राख्नुभयो। दिनप्रतिदिन बढ्दो सामाजिक द्वन्द्वको निरुपण गर्दै मानव मानव बीचको सम्बन्धलाई प्रगाढ बनाएर समानता सहिष्णुता र सहअस्तित्वका साथ अगाडि बढ्न आध्यात्मिक जगत्को भूमिका महत्वपूर्ण हुने उहाँको भनाइ थियो। सो अवसरमा उहाँले संस्थाका संस्थापक डा मुनिजी महाराजको पोखरामा हुन लागेको चतुर्मास प्रवेशका लागि शुभकामनासमेत दिनुभयो। कार्यक्रममा डा मणिभद्रमुनिजीले गुरु बन्नुभन्दा पहिला असल शिष्य हुन जरुरी रहेको बताउनुभयो। उहाँले भन्नुभयो, "सबैलाई गुरु हुन मन पर्छ तर शिष्य भएर नियम पालना गर्न कठिन छ। शिष्य भएर गुरुले दिएको सन्देश पालना गर्न सकेमात्र जीवनमा सत्मार्ग भेटिन्छ।" उहाँले मानवले आफ्नो क्षणिक स्वार्थका लागि हिंसाको बाटो अपनाउँदै गएको जनाउँदै आचरण बदलेर सुन्दर शान्त समाजमा रमाउन मानवजगतलाई आग्रह गर्नुभयो। जस्तो दृष्टि उस्तै सृष्टि हुने भएकाले सकारात्मक सोच राख्न उहाँको सुझाव दियो। कार्यक्रममा मानव मिलन अन्तर्राष्ट्रिय महिला अध्यक्ष कुसुम जैन र मानव मिलन पोखराका सल्लाहकार सावित्री शर्माले गुरु पूर्णिमाको महत्व र मुनिजीको चतुर्मास प्रवेशका बारेमा जानकारी दिनुभएको थियो।



# लायन्स टुरिजम सिटीको बृक्षारोपण

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ साउन**

लायन्स क्लब अफ पोखरा टुरिजम सिटीको आयोजनामा बृक्षारोपण लगायतका कार्यक्रम सम्पन्न भएको छ।

स्याङ्जा खड्केटारी स्थित काला भैरब माविको प्राङ्गणमा शनिवार आयोजित कार्यक्रममा बृक्षारोपण, खेलकुद तथा स्टेशनरी सामाग्री हस्तान्तरण र औषधी वितरण गरिएको थियो।

बृक्षारोपणका लागि एभोगाडो, लिच्ची, सुन्तला, कागती, बर्रो, जापनिज कटुस, धुपी लगायतका १ सय भन्दा बढि विरुवा स्थानिय कृषक समुहलाई क्लबका अध्यक्ष एकराज गिरीले हस्तान्तरण गर्नुभएको थियो । कालाभैरब माविमा अध्ययनरत दृष्टिविहिन विद्यार्थीका लागि लत्ता कपडा तथा स्टेशनरी सामाग्री प्रदान गरिएको थियो । स्थानिय परिवर्तन युवा क्लबका लागि खेलकुद सामाग्री तथा वातावरण आमा समुह लाई औषधी वितरण गरिएको कार्यक्रमका संयोजक अर्जुन केसीले जानकारी दिनुभयो । कार्यक्रममा



बोल्दै विशेष अतिथी लायन्स क्लब अफ पोखरा अन्नपूर्णका अध्यक्ष सुर्य प्रसाद बरालले लायन्सले संख्यात्मक कार्यक्रम भन्दा गुणस्तरिय कार्यक्रम गर्नुपर्नेमा जोड दिनुभयो। लायन्स अर्न्तराष्ट्रिय डिस्ट्रिक ३२५ बि वानका एडभाइजर सुदिप पौडेलले आवश्यकता अनुसारको सेवामा तल्लिन भए मात्रै असली समाजसेवा हुने बताए । लायन्स क्लब अफ पोखरा टुरिजम सिटीका अध्यक्ष एकराज गिरीले सामाजिक काम सामुहिक रुपमा गर्न सके मात्रै त्यसले राम्रो प्रतिफल प्राप्त हुने बताए । कार्यक्रममा लायन्स अन्तराष्ट्रिय डिस्ट्रिक ३२५ बि वानका जोन चियरपर्सन निरज पन्त, डिस्ट्रिक चियरपर्सन विष्णुबाबु खड्का, कालाभैरब विद्यालय व्यवस्थापन समितीका अध्यक्ष ताराबहादुर खत्री, परिवर्तन युवा क्लबका अध्यक्ष डेलनारायन शर्मा, समाजसेवी जीतजंग कार्की, घनश्याम गौतम, अर्जुन केसी लगायतले बोलेका थिए । क्लबका तर्फबाट उत्तम गुरुङ, पदम पाण्डे, प्रविन ठकुरी, विश्व यज्ञधिर पौडेल घर्ती, प्रकाश सुवेदी लगायतको उपस्थिती रहेको थियो । क्लबका अध्यक्ष एकराज गिरीको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत संयोजक अर्जुन केसीले गरेका थिए भने सञ्चालन सचिव सन्जय मल्लले गरेका थिए।

# सराङ्कोटमा ...

करिब २० करोडको केही काम भएको बाँकी करिब २५ करोडको काम बाँकी रहेको समितिले जनाएको छ। समितिले भ्यूटावर, गणेश मन्दीर, हुमन कुण्ड सहितका भौतिक संरचना बनाउनै छ। मानव बस्ती बसेदेखिको ऐतिहासिक स्थलको रुपमा रहेको सराङकोट भूमि कालिका मन्दिर विगत १५ बर्ष अघि शिव मन्दिरको अवधारण अघि सारिएको अध्यक्ष जिसीले जनाए । पोखरा १८ का वडाध्यक्ष रणबहादुर थापाले सडक, खानेपानी पूर्वाधार सहित पर्यटकीय पूर्वाधार निर्माणमा अझै लगानी गर्नुपर्ने बताए । शिव मन्दिरका लागि १० करोड लगानी हुने अनुमान समितिको छ भने भ्यू टावर निर्माणका लागि हालसम्म प्रदेश सरकारबाट विभिन्न चरणमा ९० लाख लगानी भएको बताइन्छ । बहुउद्देश्यीय सभाहल निर्माण सकिएको छ । सभाहलमा तीन वटा हल, गुरु तथा अतिथिहरुका लागि पाँच वटा कोठा छन् । यसैगरी सभाहलको माथिल्लो तलालाई संग्रहालयको रुपमा विकास गर्ने योजना रहेको पूर्वाधार निर्माण समितिका सचिव कृष्ण थापाले जानकारी दिए।

# फेवा वेगनासको रक्तदानमा ३२ युनिट रगत संकलन

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ साउन**

पोखरामा शनिबार आयोजना गरिएको रक्तदान कार्यक्रममा ३२ युनिट रगत संकलन भएको छ। लायन्स क्लब अफ पोखरा फेवा वेगनास चौतारीले पोखराको पृथ्वीचोकमा खुल्ला रक्तदान कार्यक्रम आयोजना गरेको हो।

लायन्स क्लव अफ ३२५ बि १ नेपालका ब्लड बैकं डिपार्टमेन्ट चिफ महेश पौडेलको प्रमुख आथित्यतामा यो कार्यक्रम भएको थियो। कार्यक्रममा बोल्दै प्रमुख अतिथि पौडेलले रक्तदान कार्यक्रमको आयोजना गरेर फेवा वेगनास चौतारीले सामाजिक उत्तरदायित्व बहन गरेको बताउनुभयो । लायन्स क्लब अफ पोखरा फेवा वेगनास चौतारीका अध्यक्षमहेश्वररिमालको अध्यक्षतामा भएको कार्यक्रममा क्लष्टर चिफ सन्तोष घिमिरे, जोन चियर पर्सन सावित्रा पौडेल, लायन्स क्लव अफ



पोखरा सिर्जना चौतारीका अध्यक्ष कृष्ण बहादुर कार्की, लायन्स क्लव अफ पोखरा विरौटा साझा चौतारीका अध्यक्ष गीता पराजुली, डिष्ट्रिक पिआरओ समेत रहनुभएका लायन्स क्लब अफ पोखरा फेवा वेगनास चौतारीका पूर्व अध्यक्ष टंक प्रसाद ढकाल, प्रथम उपाध्यक्ष राजाराम पौडेल लगायतले रक्तदान कार्यक्रमका बारेमा आफ्नो भनाई राखेका थिए।

कार्यक्रममा रक्त सञ्चार केन्द्र पोखराका रक्त शाखा अधिकृत महेन्द्र केसीको नेतृत्वको टोलीले प्राविधिक सहयोग गरेको थियो । क्लबले हरेक वर्ष नियमित रुपमा रक्तदान कार्यक्रमको आयोजना गर्दै आएको अध्यक्ष महेश्वर रिमालले बताउनुभयो।

# लमजुङ ट्राफिक प्रहरी प्रविधिको प्रयोग गर्दै

**रासस**
**लमजुङ, ९ साउन**

पहाडी जिल्ला लमजुङका ट्राफिक प्रहरीमा प्रविधिको विकास भएको छ । बैंसीशहर नगरपालिका-३ मा रहेको लमजुङ ट्राफिक प्रहरीले अबदेखि आधुनिक प्रविधिको बोडी क्यामरा (गोब्रो क्यामरा) बाट सवारी जाँच गर्न थालेसँगै प्रविधिको विकास हुन थालेको हो।

गण्डकी प्रदेश ट्राफिक प्रहरी कार्यालय गगनगुडाँको सहयोगमा जिल्ला ट्राफिक प्रहरी कार्यालय लमजुङलाई एउटा बोडी क्यामरा उपलब्ध भएसँगै सो क्यामराबाट सवारी साधन जाँच गर्न थालिएको जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख एवं प्रहरी नायब निरीक्षक महेन्द्र रानाभाटले बताए।

# गुरुङ (तमु) समाज मकाउद्धारा मादी गाउँपालिकाको सोंधामा बाढी प्रभावितहरुलाई राहत

**पोखरापत्र संवाददाता**
**पोखरा, ९ साउन**

गुरुङ (तमू) समाज मकाउ (सार) चीन द्धारा शनिबार कास्कीको मादी गाउँपालिकाको वडा नं. १ सोंधामा रहेको बाढी प्रभावितहरुलाई राहत वितरण गरेको छ।

गत असार पहिलो साता मादी नदीमा आएको बाढीले घर जग्गामा क्षति पुरयाएपछि अहिले सोंधाका ८ घर परिवार पूर्णरुपमा विस्थापित भएर स्थानिय दुध पोखरी मा.वि. सोंधाको भवनमा आश्रय लिइरहेको छ भने बाढीले सोंधा, तप्राङ, थाक, छाकचोकका गरि करिब ४९ घरमा क्षति पुरयाएको छ । उक्त प्रकोप प्रभावित स्थानियहरुलाई मकाउमा कार्यरत मादी गाउँपालिका र पोखरा महानगरपालिका वडा नं. १३ मा बसोबास गरि हाल मकाउमा कार्यरत युवाहरुको



पहलमा राहत जुटाउन प्रयत्न गरेपछि उक्त अभियानमा गुरुङ (तमू) समाज मकाउले पनि साथ दिदा आज कुल ३ लाख ५१ हजार बराबरको राहत सामग्री त्यस भेगका स्थानियलाई बाड्न सफल भएको तमू (गुरुङ) समाज मकाउका निवर्तमान अध्यक्ष राजेश गुरुङले जानकारी दिनुभयो।

हाल मकाउमा कार्यरत तमू (गुरुङ) समाज मकाउका वर्तमान अध्यक्ष लिलबहादुर गुरुङ (गोरे) सचिव मादी २ ताङतिङ निवासी भिम गुरुङ यस्तै मादी १ सोंधाका याम गुरुङ, टिकप्रसाद गुरुङ र नरेश गुरुङ तथा मादी ६ तप्राङ स्थाई घरभई हाल मकाउमा कार्यरत अमृत गुरुङको विषेश पहलमा उक्त रकम संकलन गरिएको हो।

नेपालमा शनिबार राहत वितरण कार्यक्रमलाई तमू समाज मकाउका सदस्यहरु टिकप्रसाद गुरुङ, लेखबहादुर गुरुङ, खरजंग गुरुङ लगायत समन्वय गर्नुभएको थियो । भने कार्यक्रम दुध पोखरी युवा क्लब सोंधाको व्यवस्थापनमा आयोजना गरिएको थियो।

समाजले शनिबार ४९ घर परिवारलाई चामल, कम्बल, नुन, तेल, दाल, मास्क लगायतको राहत सामग्री वितरण गरेको छ भने स्थानिय युवा क्लवलाई नगद ३० हजार, आमा समुहलाई बाढी पिडित तथा बस्ती संरक्षण कोषमा रहने गरि १ लाख ५५ हजार आर्थिक सहयोग समेत गरेको छ।

कार्यक्रम गुरुङ (तमू) समाज मकाउका निवर्तमान अध्यक्ष राजेश गुरुङको नेतृत्वमा भएको थियो भने तमू समाज मकाउका सदस्य एवम सोंधाका स्थानिय बासिन्दा टिकप्रसाद गुरुङले सहयोग गर्ने सबै सहयोगी दाताहरुलाई धन्यवाद ज्ञापन गर्नुभयो । तमू समाज मकाउका अन्य सदस्यहरुको पनि कार्यक्रममा सहभागिता रहेको थियो।






# टोकियो ओलम्पिक : तीन स्वर्णसहित चीन शीर्ष स्थानमा

**रासस**
**काठमाडौं, ९ साउन**

जापानको राजधानी टोकियोमा जारी ३२ औं ग्रीष्मकालीन ओलम्पिक खेलकुदमा चीन पदक तालिकाको शीर्ष स्थानमा रहेको छ । चीनले हालसम्म तीन स्वर्ण र एक कास्यसहित चार पदक प्राप्त गरेको छ।

प्रतियोगितामा इटाली र जापान एक/एक स्वर्ण तथा दुई/दुई रजतसहित दोस्रो स्थानमा तथा दक्षिण कोरिया एक स्वर्ण र दुई कास्य पदक प्राप्त गर्दै तेस्रो स्थानमा रहेका छन् । यसैगरी इक्वेडर, हंगेरी, इरान, कोशोभो र थाइलैण्ड एक एक स्वर्ण जित्दै पदक तालिकाको चौंथो स्थानमा रहेका छन् । यस्तै सर्विया, बेल्जियम, स्पेन, भारत, नेदरलैण्डस्, रोमानिया, चाइनिज ताइपेई र ट्यूनिसिया एक/एक रजत पदक प्राप्त गर्दै पाँचौं स्थानमा रहेका छन्। टोकियो ओलम्पिकमा सहभागी २०५ देशमध्ये हालसम्म २८ देशले पदक प्राप्त गर्न सफल भएका छन्।

नेपालबाट चार खेलमा पाँच खेलाडी टोकियो ओलम्पिकमा सहभागी भएका छन् । तीमध्ये आज सम्पन्न खेलमा नेपालकी कल्पना परियार र सोनिया भट्ट पराजित हुनुभएको छ।

सुटिङकी परियारले १३औं दक्षिण एसियाली खेलकुद (साग) मा आफैंले बनाएको राष्ट्रिय कीर्तिमान भङ्ग गर्नुभयो । उहाँले महिला १० मिटर एयर राइफलमा ६१६ दशमलव ८ अङ्क बनाउँदै राष्ट्रिय कीर्तिमान बनाउनुभएको हो। यसअघि उहाँको नाममा ६१४ दशमलव ५ अङ्कको कीर्तिमान थियो।

यस्तै जुडोकी भट्टले महिला ४८ किलो तौल समूहमा रुसी खेलाडी इरिना डोल्गोभासँग हार बेहोर्नुभयो। टोकियो ओलम्पिकमा अब पौडीका गौरिका सिंह र एलेक्स शाह तथा एथलेटिक्सकी सरस्वती चौधरीले प्रतिस्पर्धा गर्न बाँकी छ।

सिंहले महिला १०० मिटर फ्रि स्टाइल, शाहले पुरुष १०० मिटर फ्रि स्टाइल तथा चौधरीले महिला १०० मिटर दौडमा प्रतिस्पर्धा गर्नुहुनेछ । शाहले मङ्गलबार, सिंहले बुधबार तथा चौधरीले शुक्रबार आआफ्नो खेलमा प्रतिस्पर्धा गर्नुहुनेछ।


**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

**महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार**

**जाँच्ने समयः** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
– कालीदास

## सम्पादकीय

# ओलीको ब्याक फायर

नेपाल कम्युनिष्ट पार्टी एमाले अध्यक्ष केपी शर्मा ओली र बरिस्ठ नेता माधवकुमार नेपालबीचको वाकयुद्धले पार्टीलाई कमजोर बनाउँदै लगेको छ। बैठक चलिरहेको बेला बोल्ने बिषय र तरिका ठिक नहुँदा सही कुरा पनि प्रिय बन्दैन । एमाले अध्यक्ष ओलीले बरिस्ठ नेता माधवकुमार नेपाल बारे बोकेका कुरामा सङ्गति मिलेन । पार्टी अध्यक्षले बैठक निर्णय नगरी बोल्दा प्रत्युत्पादक बनेको छ। केन्द्रीय कमिटीका बहुसंख्यक सदस्य नेताहरु झगडा नगरुन भन्ने पक्षमा छन। अध्यक्ष र बरिस्ठ नेताले जे सुकै बोले पनि ताली ठोक्ने सिमित छन । तिनैको कुरा पत्याउने गर्दा दुवै नेताको स्तर खस्किएको छ। केन्द्रिय कमिटीको बिहीबार सकिएको बैठकले पार्टी एकताका निम्ती अन्तिमसम्म प्रयास गर्ने निणर्य गरयो। आफ्नै अध्यक्ष नेतृत्वको सरकार ढालेर प्रतिपक्षका नेतालाई प्रधानमन्त्री बनाउने र विश्वासको मत दिने २२ सांसदलाई स्पष्टीकरण सोध्ने निर्णयपनि अन्तिममा आएर स्थगित गरयो । पार्टीभित्र आन्तरिक विवादहरु हुन्छननै, तिनलाई विधि र प्रक्रियामार्फत सम्बोधन गर्नुपर्छ। तर त्यस विपरित आफ्नै पार्टीको सरकार ढालेर विपक्षीलाई प्रधानमन्त्री बुझाउने र त्यसको वातावरण निमार्ण गर्ने कार्य राजनीतिक दृष्टिकोणले अपराध नै हो।

त्यही भएर एमाले अध्यक्ष तथा निर्वतमान प्रधानमन्त्री केपी शर्मा ओलीले पार्टी बिरुद्ध अपराधपूर्ण कार्यगर्ने नेता र सांसदहरुलाई पार्टी बैठकले उचित कारबाही गर्ने बताउनुभएको थियो । त्यसअनुसार केन्द्रिय कमिटीको पहिलो दिनको बैठकमै २२ सांसदलाई पार्टीबाट किन निश्कासन नगर्ने भन्दै कारबाहिका लागि स्पष्टीकरण सोध्ने निर्णय भएको थियो। तर चार दिनपछि हिजो बिहीबार सम्पन्न बैठकले ती सांसदहरुलाई स्पष्टीकरण सोध्ने निर्णय गरेन। उल्टै अध्यक्ष ओलीले विगतमा गरेका पार्टी बिरोधी गतिविधि गर्नेहरुलाई आम माफिदिने र उचित जिम्मेवारी पनि दिने भन्दै एकताको आव्हान गर्न पुगे। अध्यक्षले संस्थागत निर्णयअनुसार नबोली आफ्नो बिचार राख्दा हल्का बनाएको छ। बालुवाटारबाट बालकोट सरिरहँदा बार्दलीबाट पार्टीबिरोधी गतिविधिको नेतृत्व गरेका माधव नेपाललाई गद्धार भन्दै एमालेमा कुनै स्थान नरहेको बताएको भाषण आलोचित भयो। वास्तवमा माधव नेपालले पार्टीविरुद्ध काम गरेका हुन। ती सबै गतिविधिलाई बिर्सेर पार्टी एकताका निम्ती अध्यक्ष ओलीले लचकता देखाएका छन । ओलीको एकताका निम्ती प्रदर्शन गरिएको यो लचकतालाई यदि कमजोरी ठान्ने दृष्प्रयास गरियो भने त्यसले सकारात्मक परिणाम दिदैन। अध्यक्ष ओली पार्टीलाई पुर्नसंगठित र एकिकृतगर्ने प्रयासमा छन भन्ने देखाउँछ। अध्यक्ष ओलीले पार्टी एकताका निम्ती नेता नेपालसहित सबैलाई खुल्ला आव्हान गरेपछि पनि जसरी स्वयंम नेता नेपाल र ओलीसँग रहेका केही अतिवादी सांसद र कार्यकर्ता एकताबिरुद्ध निहित स्वार्थका निम्ती लागेका छन्। त्यसले वातावरणलाई थप प्रदुशित गर्छ।

त्यसो त नेता नेपालले प्रधानमन्त्री देउवा र माओवादी केन्द्रका अध्यक्ष प्रचण्डलाई जसरी भएपनि ओलीलाई एक्ल्याउँदै एमालेको ठुलो पंक्तिसहित सत्ता सहकार्य गर्ने बाटोमा छन। नेता नेपालले ठाने जस्तो एमालेको बहुमत हिस्सा विभाजनको पक्षमा छैनन् । केही लोभि पापीले साथ देलान तर इमान्दार नेता र कार्यकर्ता मुल नेतृत्वमै र पार्टीमै समाहित हुने विगतले देखाएको छ। नेपाललाई एमालेबाट अलग्याउन र एमाले फुटाउन प्रचण्ड र देउवाले भगिरथ प्रयास गरेका छन। एमाले मिल्न नदिनु उनिहरुको एकमात्र अहिलेको प्राथमिकता देखिन्छ। माधव नेपालले सायद ओलीलाई तह लगाउछु भन्ने नाममा आफु उभिएको जग भत्काउनु कार्यकर्ताको भविष्य अन्धकार बनाउनु हो।

पार्टीका आम कार्यकर्ता र नेताको चाहनापनि एमालेको एकता नै हो। केही केही पैसाको बलमा पार्टीमा लागेका जनाधार नभएका र सत्ता र शक्तिको आडमा राजनीतिलाई धन्दा बनाएकाहरु ले आफना निहित स्वार्थका निम्ती एमालेको बिभाजन चाहेका छन। कुष्ठा र बदलाको राजनीतिले के सहि के गलत भन्ने सोच्न समेत अवरुद्ध गरिरहेको छ। यदि वास्तवमै नेता नेपाल एमालेको एकता, विधि र पद्धति मार्फत पार्टी सन्चालन गर्न चाहन्छन भने अध्यक्षको आह्वानलाई सकारात्मक ठान्दै जेठ २ गतेकै संरचनामा फर्किएर पार्टी अघि बढाउन तयार हुनुपर्छ। शर्त माथि शर्त थप्दै जाँदा ओलीलाई होइन देशको ब्यबस्थित पार्टीलाई लथालिङ्ग पारेर सधैं सत्ताको लागि समिकरण फेर्ने अस्थिरता तिर लैजाने छ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : झमेला बढ्ने |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : कार्यमा सफलता | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : सम्मान मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : मन चञ्चल |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।


# राजनीतिक सस्कार खै ? बुढी मरि भनेर नरुनु , काल पल्क्यो भनेर रुनु



युव राज खनाल, पोखरा

जब २०४६ सालमा निर्दलिय ब्यबस्थालाई फाली बहुदलीय ब्यबस्था स्थापना भयो सो समय देखि हालसम्म नेताहरू आफ्नो पदका लागि केन्द्रित भएको पाइन्छ । जीवनको अन्तिम अवस्थासम्म पद नछाड्ने प्रवृत्ति उनीहरूमा छ। 'हामीकहाँ त सत्ता नै म्युजिकल चियर खेलजस्तो भयो। हामी जनता धेरै निराश हुन थालेका छौं। २०४७ साल देखि २०७८ साल सम्म विभिन्न पार्टीका २८ वटा सरकार बने । जसमा १५ बर्ष काङ्ग्रेस र ७ बर्ष एमालेले नेतृत्व गर्यो। बाकी अरुहरुले गरे।

यति धेरै सरकार बद्लिए तर राजनीतिको मनोवृत्ति खासै बदलिएन । जसरी हुन्छ सत्ता छाड्दै नछाड्ने प्रवृत्ति प्रजातन्त्रवादी र कम्युनिस्ट भन्ने दुवै पार्टीमा देखियो ।'' हाम्रो राजिनितिक सस्कारलाई फर्किएर हेर्दा ५० र ६० को दशकमा सत्ता संघर्षका क्रममा सरकार बनाउने र भत्काउने धेरै खेल भए। कांग्रेस, एमाले र राप्रपा यसका मुख्य पात्र बने । यो खेलकै बीच २०५२ सालमा सशस्त्र संघर्ष सुरु गरेर माओवादी शक्ति जन्मियो। २०५८ पछि राजाले राजनीतिक दलको कमजोरीमाथि खेल्ने मौका पाए। दलमाथि प्रतिबन्ध लगाएर शासन गरे । राजनीतिक दलहरूले युद्ध गरिरहेको माओवादीसँग मिलेर जनआन्दोलन गरेपछि त्यसबेलाको अस्थिरताको एउटा चक्र पूरा भयो। बहुदलीय ब्यबस्थामा पार्टी ठूलो हो तर हामिकोमा पार्टीको हुइप बिपरित कार्य भए। किन र कसरी यो अबस्थाको सिर्जना भयो ? के यो नै थियो त नेपाली जनताले चाहेको ? आखिर यो सबै घमण्ड , कुर्सी मोह , म नै सर्बोसर्बा हु , म नभए सबै बिग्रिएर जान्छ भने संकोचित सोचले गर्दा हो जस्तो लाग्छ। हो ०६२-६३ मा नेताहरूले कसम खाएका थिए 'त्यति बेला गल्ती गर्यौं भनेर नेताहरूले जनतासँग माफी मागेका थिए। तर राजतन्त्र ढलिसकेपछि पनि उनीहरूले सरकार बनाउने र ढलाउने खेल खेलिरहे। अनि जनतालाई राजनीति फोहोरी खेल रहेछ भनेर लाग्नु स्वाभाविकै हैन र ? राजनीतिक संस्कार, संस्कृतिबारे अक्सफोर्ड पोलिटिकल डिक्सनरीको परिभाषा यस्तो छ, 'निश्चित राजनीतिक प्रणाली सञ्चालनका लागि मूल्य, मान्यता, विश्वास र व्यवहार जनाउँछ ।' हाम्रो सन्दर्भमा लोकतान्त्रिक गणतान्त्रिक शासन व्यवस्थाका मूल्य, मान्यता, विश्वास र व्यवहार पूर्ण रूपमा लागू गर्नु हो।

यो शासन व्यवस्थाको राजनीतिक प्रणालीका मूल्य, मान्यता, विश्वास र व्यवहार के हुन् ? यो व्यवस्थामा १० वर्ष सशस्त्र युद्ध गरेको माओवादी, २००७ सालदेखि प्रजातन्त्रका लागि संघर्ष गरेको कांग्रेस र भूमिगत एवं शान्तिपूर्ण राजनीति गर्दै आएको एमाले र मधेस केन्द्रित दलका साथै पूर्वराजावादी पार्टीहरू अटाएका छन्। यो शासन व्यवस्थाको खास मूल्य-मान्यता भनेकै राजतन्त्रात्मक बहुदलीय प्रतिस्पर्धाभन्दा फरक लोकतान्त्रिक गणतन्त्र हो । यो जनताका छोराछोरी मुलुकको सर्वोच्च पद राष्ट्रपति बन्ने र कार्यकारी प्रधानमन्त्री हुने संघीय व्यवस्था हो । स्थानीय तहमा ७ सय ५३ स्थानीय सरकार, सात प्रदेश सरकार र संघीय , केन्द्रीय, सरकारको मालिक जनता र यसको शासक जनताले निर्वाचित गरेका प्रतिनिधिहरू हुन्।

हो व्यवस्था बदलियो, समाज बदलियो । राजनीतिक नेताको संस्कार भने खासै बदलिएन ।२०४७ साल देखि कुनै पनि सरकारले आफ्नो पुर्ण कार्यकाल पूरा गर्न सकेका छैन चाहे अल्पमत सरकार होस यात बहुमतको होस या दुई तिहाई सरकार नै किन नहोस । सत्ता र पदका लागि २०६३ जनआन्दोलन सफल हुनुअघि व्यवहार बेलाबेला दोहरिन्छन्। जस्तो, ५० र ६० को दशकमा सरकार बनाउन र ढलाउन सांसदहरूलाई गैरराजनीतिक, आर्थिक प्रलोभनमा पार्ने काम भए। गणतन्त्र स्थापना भइसकेपछि पनि २०६६ सालमा तत्कालीन माओवादी अध्यक्ष पुष्पकमल दाहाल, कांग्रेस नेता रामचन्द्र पौडेल चुनावी मैदानमा हुँदा मधेस केन्द्रित दलका सांसदलाई गैरराजनीतिक, आर्थिक प्रलोभनमा पार्ने प्रयास भएको नेताहरूले स्वीकार गरिसकेका छन् । त्यसबेला नेता कृष्णबहादुर महराले एक चिनियाँ व्यापारीसँग सांसदका लागि ५० करोड सहयोग मागेको अडियो सार्वजनिक भएको थियो। जसरी पनि आफ्नो सरकार बनाउने माओवादीको मानसिकताले यस्तो घटना निम्त्याएको थियो । कतकता अझैसम्म यो सस्कार हट्न सकिरहेको छैन ।

त्यसपछि २०६७ मा माओवादीको समर्थनमा तत्कालीन एमाले अध्यक्ष झलनाथ खनाल प्रधानमन्त्री भए। आफ्नै पार्टीको असहयोगका कारण उनले ६ महिनामा राजीनामा दिनुपर्यो । आफ्नै पार्टीका नेतालाई राजीनामा गराउन बाध्य गराउने त्यति बेला एमालेका नेताहरूमा पनि राजनीतिक संस्कार देखिएन। सायद यहि रोग अझैसम्म निको नभएको जस्तो अहिले पनि भेटिन आयो।

राजनीतिक संस्कार सत्ता पक्षका नेताहरूमा मात्र होइन, प्रतिपक्षी नेताहरूमा पनि असल राजनीतिक संस्कारमा ह्रास आएको छ । सत्ता पक्षका नेताहरूले राजनीतिक संस्कार बिर्से प्रतिपक्षी दलका नेताले खबरदारी गर्ने लोकतान्त्रिक पद्धति हो। हामी सानो छ्दा फिल्म टिकट काट्न निकै कठिन हुन्थ्यो। पाखुरा ठुला हुने आबाराहरुले क्यापचर गर्थे । तिनीहरु बिच लडाइँ हुन्थ्यो । हालै गण्डकी प्रदेशमा सभासदले सिगल सिगल आइज भन्ने र कुर्सी फाल्ने समाचारले स्तरीयता र राजनीतिक सस्कार कति भएकाहरुको प्रतिनिधित्व छ भन्ने कुरा प्रस्ठ पारेको छ । 'आफूमा राजनीतिक संस्कार र नैतिकता भएन भने राजनीति नगरे हुन्छ, 'प्रतिपक्ष बस्दा कांग्रेसमा समेत संस्कारमा ह्रास आएको थियो । प्रतिपक्ष दलको भूमिका खेल्न सकेको थियो कि थिएन । सरकारको खबरदारी गर्ने बेला गुटमा रमाइरहेको देखिन्थ्यो । पार्टीमा लोकतान्त्रिक ढंगले छलफल हुँदैन।

अर्कालाई प्रश्न गर्दा आफू नैतिक धरातलमा उभिन आवश्यक हुन्छ। 'पद र कुर्सीका लागि अपारदर्शी काम हुन्छन्, त्यसका लागि जे पनि गर्न तयार हुन्छन् । राजनीतिमा खारिएका नेताहरूले पनि संस्कार सिक्न सकेका छैनन । अहिले पार्टी भित्र कृयासिल सदस्य विवादले आमरण अनासन बस्न कार्यकर्ता बाध्य बनेका छ्न । राजनीतिक दल लोकतान्त्रिक पद्धतिमा चल्नु असल संस्कार हो। पद्धति, मूल्य, मान्यताभन्दा आफूलाई प्रधान ठान्ने प्रवृत्ति हाबी भएको भएको छ । यो कुरा बिगतका प्रधानमन्त्री, बर्तमान प्रधानमन्त्री र पार्टी प्रमुखहरुले सोच्नु पर्छ ।

मुलुकमा गणतन्त्र स्थापना भएको १३ वर्षपछि पनि राजनीतिक अस्थिरता कायम रह्यो । यो अवधिमा एक पटक संविधानसभाले संविधान बनाउन सकेन । २०४६ सालपछि २८ सरकार परिवर्तन भए, त्यसमा दुई सरकार तत्कालीन राजा ज्ञानेन्द्र शाहले चलाए, बाँकी २६ सरकार राजनीतिक दलले चलाए।

कांग्रेसले राप्रपासित मिलेर २०५२ मा कांग्रेस नेता शेरबहादुर देउवा प्रधानमन्त्री बने। उनी पनि एक वर्ष मात्र प्रधानमन्त्री भए । कांग्रेसले २०५६ को निर्वाचनमा २ सय ५ सिटमा १ सय ११ सिट जितेर बहुमत ल्यायो, प्रधानमन्त्री कृष्णप्रसाद भट्टराई प्रधानमन्त्री भए । पार्टी सभापति कोइराला आफ्नै पार्टीको सरकार एक वर्ष नपुग्दै ढलाएर आफू प्रधानमन्त्री भए । माओवादी युद्ध चर्किरहेका बेला रोल्पाको होलेरी प्रहरी चौकी आक्रमण गरेपछि सेना परिचालन प्रकरणमा उनले राजीनामा दिए। त्यसपछि २०५९ मा कांग्रेस नेता शेरबहादुर देउवा प्रधानमन्त्री भए । माओवादीले २०५८ मंसिरमा माओवादीले दाङमा सैनिक ब्यारेक आक्रमण गरेपछि कांग्रेसमा विग्रह आयो । देउवाले २०५९ जेठमा संसद् विघटन गरेर कात्तिकमा निर्वाचन गर्ने घोषणा गरे तर असोजमा राजाले देउवालाई 'अक्षम' को आरोप लगाएर सत्ता हातमा लिए । बहुदलीय व्यवस्था आइसकेपछि २०४८ सालमा पूरा कार्यकाल चलाउने जनादेश पाएको कांग्रेसले अस्थिरताको सुरुवात गर्यो ।

नेकपा एमाले र माओवादी बिच एकताको घोषणा गरि गत निर्बाचनमा दुइ तिहाई बहुमत प्राप्त गरि नेपालको प्रधानमन्त्री बनेका ओलि पार्टी भित्रको सहमतिलाई तोडेर तानाशाह प्रवृत्ति देखाएकै कारण आज पुन देशमा यो अबस्थाको सिर्जना भएको छ । देउवा बिस्वासको मत प्राप्त गरि काङ्ग्रेस माओवादी र जसपा सहित सरकार प्रमुख बन्नुभएको छ। २०५२ /०५३ मा काङ्ग्रेस र राप्रपाको सरकार प्रमुख भएका देउवा तत्कालीन अबस्थामा केबल १८ मैना प्रधानमन्त्री हुन पाएका थिए। प्रधानमन्त्री भैरहदा उहाँको अगाडि निकै चुनौतीहरु छन। आफू सभापति रहेको पार्टी महाधिवेशन हुन सकिरहेको छैन । पार्टी भित्र आन्तरिक लोकतन्त्र हराएको छ भन्ने गुनासा छरपस्ट छ्न। सरकार बने यता मन्त्री र लाभ पद कुल्याउन उहाँको चाकरी गर्नेहरु संख्या पनि कम छैन । केपि ओलिको अहम् र तानाशाह प्रवृत्तिबाट देशलाइ मुक्त गराउनु पर्ने थियो त्यो मात्रै पूरा भएको छ तर केलाएर हेर्दा हामिमा राजनीतिक सस्कार बसेको छैन । सिद्धांतको राजनीति ओझेलमा परेको छ । नेता बिगार्ने कार्यकर्ता हुन जो लाभका पद लिनका लागि अनेकौ चाकरी गर्न नेताको वरिपरि घुमिरहेका हुन्छौ। नेताहरू आफू शक्तिशाली बन्न तेस्तालाई समर्थन र संरक्षण दिन्छ्न । देश बिकास हुनकालागि राजनीतिक स्थाईत्व चाहिन्छ । राजनीति स्थाइत्वका लागि राजनीतिक सस्कार हुन आबश्यक छ। बुढी मरि भनेर नरुनु काल पल्क्यो भनेर रुनु भने झै, अहिले देशमा यो उखान आभास भएको छ ।

# पहिराले ट्याङ्की बगाउँदा खानेपानीको हाहाकार

पोखरापत्र संवाददाता
दमौली, ९ साउन

तनहुँको व्यास नगरपालिका-१४ मा रहेको डुम्रेबैंसी कुलुङ खानेपानी आयोजनाको ट्याङ्की पहिराले क्षति हुँदा गाउँमा खानेपानी अभाव भएको छ । गत असार १७ गते गएको पहिराले ट्याङ्कीमा क्षति पुगेपछि गाउँमा खानेपानीको अभाव भएको हो । पहिराले खानेपानीको ट्याङ्की बगाउनुका साथै अन्य संरचनामा क्षति पुगेको छ। उक्त गाउँमा २० दिनदेखि खानेपानी हाहाकार भएको खानेपानी उपभोक्ता समितिका अध्यक्ष तरबहादुर थापाले जानकारी दिनुभयो।

विसं २०७१ मा नेपाल सरकारको रु ६८ लाखको लगानी र जनश्रमदानबाट खानेपानी आयोजना निर्माण गरिएको थियो। पहिराले ट्याङ्कीको लिफ्टिङमा आवश्यक पर्ने उपकरण र विद्युतीय सामग्री, पानी जम्मा गर्ने इन्टेक, फिल्टर सिस्टम, पानी लिफ्टिङ गर्नका लागि प्रयोग भएको विद्युतीय पोलसमेत बगाएको छ। 'पानीको हाहाकार भएपछि स्थानीयवासी कुवाको पानी प्रयोग गर्न बाध्य भएका छन्', उहाँले भन्नुभयो, 'जसकारण यहाँका स्थानीयवासीको दैनिकीमा पनि परिवर्तन आएको छ ।' उक्त खानेपानी योजनाबाट ७० घरधुरीले पानी प्रयोग गर्दै आएका छन् । उहाँका अनुसार खानेपानीका समस्या भएपछि कुवामा पानी लिन जानुपर्छ, यसले गर्दा खानेपानीको जोहो गर्दैमा दिन बित्ने गरेको छ । व्यास नगरपालिका-१४ का वडाध्यक्ष काजीमान श्रेष्ठले खानेपानी मर्मतका लागि पहल थालिएको जानकारी दिनुभयो। 'खानेपानी योजनामा पहिराका कारण ठूलो क्षति भएको छ, जनतालाई खानेपानीको व्यवस्था गर्नका लागि तत्काल वडा कार्यालयबाट रु दुई लाख ५० हजार र व्यास नगरपालिकाबाट रु पाँच लाख विनियोजन भइसकेको छ', श्रेष्ठले भन्नुभयो।

यसै गरी कृषि तथा पशुपक्षी विकास मन्त्रालय, नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनाको लगानीमा तनहुँको बन्दीपुर गाउँपालिका-१ नाहालामा निर्माण सम्पन्न भएको अत्याधुनिक पशु सेवा केन्द्रको भवन गाउँपालिकालाई हस्तान्तरण गरिएको छ । गत भदौदेखि निर्माण शुरु भएर चैतमा निर्माण सम्पन्न भएको पशुसेवा केन्द्रको भवनको स्वामित्व गाउँपालिकालाई हस्तान्तरण गरिएको हो । नेपाल लाइभस्टक सेक्टर इनोभेसेन आयोजनाका वरिष्ठ योजना अधिकृत विश्वनाथ गौतमले आज गाउँपालिकाका अध्यक्ष पूर्णसिं थापालाई उक्त भवन हस्तान्तरण गर्नुभएको छ। भवन निर्माण सम्पन्नपछि गाउँपालिकाभित्रका पशुपालक कृषकले अब पशुको उपचार यहीबाटै गर्न पाउने बन्दीपुर गाउँपालिका-१ का वडाध्यक्ष भानुभक्त पोखरेलले बताउनुभयो।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

# हार्दिक समवेदना

जन्मः
वि. स. १९८६/०२/१२ गते



स्वर्गारोहणः
वि.स. २०७८/०३/३० गते

स्वः जगतकृष्ण कर्माचार्य

यस गुठीका संस्थापक सदस्य **जगतकृष्ण कर्माचार्य** को ९२ वर्षको उमेरमा असामयीक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरुन् भनी कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं।

**श्री पञ्चमी गुठी परिवार, पोखरा**

# म्याग्दीमा अर्ग्यानिक तरकारीको लहर

–ध्रुवसागर शर्मा
गलेश्वर, ९ साउन

विगत २८ वर्षदेखि कृषि पेशामा लागेका म्याग्दीको बेनी नगरपालिका-२ खबराका ५८ वर्षीय चन्द्रबहादुर कार्की पछिल्लो डेढ वर्षयता आफूले फलाएको तरकारीको माग बढेपछि दङ्ग पर्नुभएको छ।

जिल्लाको नयाँ पर्यटकीयस्थल लब्लीहिल नजिकैको १२ रोपनी खेत र बारीमा प्राङ्गारिक तरकारी खेती गर्दै आउनुभएका कार्कीले यसअघि कहिल्यै पनि अर्ग्यानिक तरकारीको बिक्री यति धेरै भएको थाहा पाउनुभएको थिएन । "म विगत २८ वर्षदेखि तरकारी खेतीमा छु, मेरो जीवनको उर्बर समय मैले मेरै खेतबारीको माटोमा बिताएको छु", कार्कीले भन्नुभयो, "तर कोरोना कहर शुरु भएयता जसरी मैले फलाएको तरकारीको बिक्री भयो, त्यसरी यसअघि भएको थिएन ।" विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना सङ्क्रमण जति जति बढ्दै गयो, मानिसले आफ्नो स्वास्थ्यलाई ध्यान दिई अर्ग्यानिक खानेकुराको मात्रा बढाउँदै लगे। विशेष गरी आयातित तरकारी र फलफूल नपाइने वा मानिसले त्यसलाई ध्यान नदिने भएपछि सदरमुकाम नजिकै रहेका कृषककहाँ पुगेर नै बजारका मानिसले तरकारी खरिद गर्न थालेपछि कार्कीजस्तै व्यावसायिक तरकारी खेतीमा लागेका किसानका उत्पादनले बजार पाउन थालेका हुन् । कृषक कार्कीको खेतबारीमा अर्ग्यानिक तरकारी र फलफूल झुलिरहेका छन् ।

शारीरिक व्यायामका लागि बिहान लब्लीहिलमा जाने बजारका गृहिणी, युवायुवती वा बटुवाले कार्कीको बारीमा पसेर ताजा तरकारी खरिद गरी फर्कने गरेका छन् । त्यसैगरी खबराका अर्का कृषक शोभित शर्मा, डाँडाखेतका नारायण पौडेल, बाबियाचौरका धर्मराज सुवेदीलगायतका जिल्लाका दुई दर्जन बढी कृषकले पछिल्लो समय प्राङ्गारिक तरकारीको बिक्री बढेपछि खेती विस्तार गर्ने सोच बनाएको बताएका छन् । विगतमा तरकारी बिक्रीबाट वार्षिक रु पाँच लाख आम्दानी गर्दै आउनुभएका खबराका चन्द्रबहादुर कार्कीले २०७६ को चैतदेखि २०७८ को वैशाखसम्म तरकारी बिक्री गरेर रु ११ लाखभन्दा बढी आम्दानी भएको बताउनुभयो । त्यसैगरी डाँडाखेतका नारायण पौडेलले पनि गत वर्ष आफूले उत्पादन गरेको तरकारी राम्रो बिक्री भएको र सोचेभन्दा बढी आम्दानी भएको बताउनुभयो । म्याग्दीका छवटा स्थानीय तहमा गरी २०० भन्दा बढी कृषक व्यावसायिक तरकारी खेतीमा लागेका छन् । तरकारी खेतीमा लागेका किसानले पछिल्ला वर्षमा मनग्गे आम्दानी गर्न थालेका कृषि प्राविधिक जगत बानियाँको अनुभव रहेको छ। बानियाँ भन्नुहुन्छ, "कोरोना कहर शुरु भएयता मानिसले अर्ग्यानिक उत्पादनको महत्व बुझ्न थालेका छन्, जसले गर्दा गाउँका उत्पादनको माग शहर बजारमा बढी हुन थालेपछि किसानलाई फाइदा भएको हो ।"

कोरोनापछि धेरै मानिसले अर्ग्यानिक उत्पादन खोज्न थालेको बगरफाँटका कृषक जितबहादुर कार्कीको पनि अनुभव रहेको छ । बेनी-बगरफाँट-सुर्केमेला-बरङ्जा सडकको छेउमा रहेको उहाँको बारीमा अर्ग्यानिक तरकारी खरिद गर्न बेनी बजारबाट धेरै ग्राहक आउन थालेका छन् । कोरोनापछि अर्ग्यानिक तरकारी खोज्दै उहाँका बारीमा धेरै उपभोक्ता पुग्छन् । प्राङ्गारिक तरकारी खेती गर्न पाउँदा एकदम खुशी लागेको उहाँ बताउनुहुन्छ । मानिसको स्वास्थ्यँग जोडिएको हुनाले पहिलादेखि नै कार्कीले प्राङ्गारिक खेतीको प्रचारप्रसार गर्दै आउनुभएको थियो ।

विषादीयुक्त तरकारीले मानव स्वास्थ्यमा धेरै हानि गर्ने हुँदा सबैले अर्ग्यानिक खेती गर्नु कृषिविज्ञको भनाइ रहेको छ । म्याग्दीमा निजी क्षेत्रले करोडौँ लगानीमा कृषि फर्म सञ्चालन गरेका छन् । जिल्लाको बेनी नगरपालिका-४ सिङ्गा र आवेबगरमा करिब रु १० करोडको लगानीमा सञ्चालित हरियाली कृषि फर्म र मङ्गला गाउँपालिकाको हिदीमा रु तीन करोडको लगानीमा प्राङ्गारिक कृषि फर्म सञ्चालित छन् ।

यी कृषि फर्मले पनि प्राङ्गारिक उत्पादनमा जोड दिँदै आएका छन् । म्याग्दीमा पछिल्लो समय अर्ग्यानिक कृषितर्फ युवाको पनि आकर्षण बढ्दै गएको छ । विशेष गरी कोरोनाका कारण विदेशमा रोजगारी गुमाएर गाउँ फर्किएका युवा अर्ग्यानिक खेतीतर्फ लागेका छन् ।

# दाताले उपलब्ध गराए ४० थान कन्सन्ट्रेटरसहित ४५ लाख नगद

पोखरापत्र संवाददाता
वालिङ, ९ साउन

कोभिड-१९ रोकथाम तथा नियन्त्रणका लागि दाताले वालिङ नगरपालिकालाई ४० थान अक्सिजन कन्सन्ट्रेटरसहित नगद तथा स्वास्थ्य सामग्री उपलब्ध गराएका छन् ।

महामारीको रुपमा फैलिएको नयाँ भेरियन्टसहितको कोभिड-१९ को सङ्क्रमण दर उच्च रहेको वालिङमा यसको रोकथाम तथा नियन्त्रणका लागि नगरपालिकाले सहयोग आह्वान गरेबमोजिम स्वास्थ्यसम्बन्धी सामग्री प्राप्त भएको हो । नगरपालिकाले गह्रौं प्राथमिक अस्पताल वालिङमा स्थापना गरेको आईसोलेसन सेन्टरमा प्रयोग गर्नका लागि देश तथा विदेशमा रहेका विभिन्न सङ्घ संस्था तथा व्यक्तिको सहयोगमा स्वास्थ्य सामग्रीसहित नगद प्राप्त भएको नगर प्रमुख दिलीपप्रताप खाँणले बताउनुभयो । विभिन्न सङ्घ संस्था तथा व्यक्तिले आवश्यकताअनुसारका स्वास्थ्य सामग्री सहयोग गर्ने बताएपछि पहिलो प्राथमिकतामा अक्सिजन कन्सन्ट्रेटर माग गरिएको र सोहीअनुसार ठूलो परिमाणमा प्राप्त भएको प्रमुख खाँणले बताउनुभयो ।

"नयाँ भेरियन्टले बिरामीमा स्वास प्रस्वाससम्बन्धी समस्या देखिएका कारण अक्सिजनको अभावकै कारण बिरामीको ज्यान तलमाथि नहोस् भनेर दातालाई अरुभन्दा पनि कन्सन्ट्रेटरलाई प्राथमिकतामा राख्न अनुरोध गर्‍यौँ", प्रमुख खाँणले भन्नुभयो, "अक्सिजनको अभाव, अक्सिजन सिलिण्डरको अभाव र भर्नलाई दैनिक पोखरा जानुपर्ने समस्यालाई मध्यनजर गर्दै कन्सन्ट्रेटर माग गर्‍यौँ, महामारीका समयमा यो सामग्री निक्कै उपयोगी बन्यो ।" दोस्रो भेरियन्टको सङ्क्रमणको शुरुआतसँगै नगरपालिकामा हालसम्म दाताबाट नगद रु ४५ लाख ४३ हजार १४२ सहयोग प्राप्त भएको छ ।

# 'अब त बाचुन्जेल घरको छाना फेर्न नपर्ला'

रासस
बागलुङ, ९ साउन

बागलुङको निसीखोला गाउँपालिका-४ की गौमती दमिनीले हरेक दुई/दुई वर्षमा घरको छानो फेर्दै हैरानी खेप्दै आउनुभएको थियो । न्यून आयस्रोत भएको परिवारकी गौमतीलाई प्रत्येक दुई वर्षमा घरको छानोमा नयाँ खर फेर्नु पर्दा निकै सकस हुन्थ्यो । यसपालि भने उहाँको घरको छानामा जस्ता लगाइएको छ ।

गाउँपालिकाको खरको छानो हटाउने नीतिअनुसार गौमतीको घर जस्तापाताले छाइएको छ । युवा शक्ति पलायन हुने तथा गाउँमा बालबालिका र बूढापाका मात्रै हुँदा बर्सेनि खरको घर छाउन समस्या हुन थालेपछि पालिकाले खरको छानो विस्थापित गरेर जस्तापाताले छाइदिएको छ । गाउँपालिकाले गत आर्थिक वर्ष २०७७/०७८ मा मात्रै गौमती जस्ता १०३ घरलाई खरको छाना मुक्त गराएको छ ।

खरको छानामुनि बस्दै आउनुभएकी गौमतीको घर जस्तापाताले छाएपछि उहाँ खुसी हुनुभएको छ । "खरको छानामुनि बस्दै आएको थिएँ, जस्तापाताले छाउने घरको क्षमता थिएन, गाउँपलिकाले जस्तापाताले घर छाइदियो", उमेरेल ७५ वर्ष काट्नुभएकी गौमतीले भन्नुभयो, "दुई वर्षमा घरको छानो फेर्दै आउँदा निकै सकस थियो, गाउँमा खरसमेत पाइन छाडेको थियो, वर्षौंलाई ढुक्क भइयो, अब त बाचुन्जेल घरको छानो फेर्न नपर्ला ।"

गाउँपालिका आएपछि घरको छाना परिर्वतन गरी जस्ता छाइदिएकामा वडा नं ५ का स्थानीय कुलवीर सुनार हर्षित हुनुभएको छ । पुरानो घरमा खरले छाएर बस्दै आउनुभएका सुनार अहिले जस्तापाताले छाएपछि घर नयाँ जस्तै बनेको बताउनुहुन्छ । खरको घर जोखिम र झन्झटिलो भएको भन्दै उहाँले गाउँपालिकाले जस्तापाता हालिदिएपछि आफूलाई अब सहज भएको बताउनुभयो । जस्ताले छाएपछि घरमा आगलागी हुने पानी चुहिने समस्यासमेत समाधान भएको सुनारको भनाई छ ।

निसीखोला गाउँपालिकाले चालु आर्थिक वर्षमा १०३ गरिब परिवारको घरमा जस्तापाताले छाइदिएको प्रमुख प्रशासकीय अधिकृत ईश्वरलाल शाक्यले जानकारी दिनुभयो । उहाँले अति न्यून वर्गका घरमा जस्तापाता प्रदान गरिएको र आगामी वर्ष पनि कार्यक्रम निरन्तर सञ्चालन हुने बताउनुभयो । गाउँपालिकाले सात वटा वडामा ७३ र प्रदेश सरकारको सुरक्षित नागरिक आवास कार्यक्रमअन्तर्गत ३० गरी १०३ जनाको घर जस्तापाताले छाइएको बताउनुभयो । गाउँपालिकाले घरको छाना विस्थापित गर्न चालु आर्थिक वर्षमा रु २० लाख विनियोजन गरिएको शाक्यको भनाइ छ । प्रदेश सरकारले ३१ परिवारका लागि रु ५० हजारका दरले बजेट पठाएको शाक्यले बताउनुभयो । शाक्यले हरेक वडा कार्यलयबाट सिफारिस भएर आएका अति गरिब परिवारकोघरजस्तापाताले छाइदिएको बताउनुभयो । पालिकाभित्र रहेका न्यून वर्गका परिवारबाट खरको छाना विस्थापित गरी जस्तापाता हाल्न माग भएअनुसार अब सबै खरका घरमा जस्तापाताले छाइने गाउँपालिका अध्यक्ष तारानाथ पौडेलले बताउनुभयो । खरको छानो भएको घरमा आगलागीको जोखिममा हुने र गाउँघरमा युवा जनशक्ति नहुँदा वृद्धवृद्धालाई घर छाउन कठिनाइ भएकाले खरको छानो विस्थापित गरेर जस्तापाता हालिएको उहाँको भनाइ छ । उहाँले केही वर्षमा गाउँपालिका खरको छाना मुक्त हुने विश्वास व्यक्त गर्नुभयो ।

# व्यासमा पर्यटन प्रवर्द्धनार्थ 'कोशेली घर'

पोखरापत्र संवाददाता
तनहुँ, ९ साउन

घरेलु तथा साना उद्योग महासङ्घ महिला उद्यमी समिति तनहुँले पर्यटन प्रवर्द्धनार्थ दमौलीमा 'व्यास कोशेली घर' सञ्चालनमा ल्याउने तयारी गरेका छन् ।

स्थानीयस्तरमा उत्पादन गरिएका वस्तुलाई सहजरुपमा बिक्री गर्न र पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले 'कोशेली घर' सञ्चालनको अवधारणा ल्याइएको हो ।

महिला उद्यमीले तयार गरेका सजावट तथा व्यवस्थापनका सामग्री घुम्न आउँने आन्तरिक एवं बाह्य पर्यटकले खरिद गरेर लैजान सक्नेछन् । तनहुँका विकट क्षेत्रमा उत्पादित वस्तु बजारको पहुँचमा पुग्न नसकेकाले लघु तथा घरेलु उद्यमीलाई बजारीकरणमा टेवा दिने उद्देश्यले कोशेली घर सञ्चालनमा ल्याउन लागिएको समितिका अध्यक्ष कल्पना गौलीले जानकारी दिनुभयो ।

घरेलु तथा साना उद्योग कार्यालयको हाताभित्र निर्माण गरिएको एक कोठे भवनमा कोशेली घर सञ्चालन गर्ने योजना छ । उहाँले भन्नुभयो, "पुण्य कमाउन गरिने महायज्ञजस्तै ठानेर दिनरात केही नभनी निःस्वार्थ भावनाले खटिएका छौं ।" महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट स्थानीय तहमा महिला उद्यमशीलता सहजीकरण केन्द्रको सञ्चालन तथा व्यवस्थापनको लागि रु पाँच लाख विनियोजित बजेटबाट सजावट तथा व्यवस्थापनका सामग्री तयार पारिएको छ । व्यास नगरपालिकाका उपप्रमुख मीरा जोशीको संयोजकत्वमा सदस्यद्वय वसुन्धरा घर्ती र राधिका परियारबाट समान खरिद सजावटको काम गरिएको समितिका सचिव सिर्जना कोइरालाले बताउनुभयो । लघु घरेलु तथा साना उद्यमी कोशेली घर सञ्चालन तथा व्यवस्थापन निर्देशिका तयार पारी सकिएको उहाँले बताउनुभयो । सामान खरिद गर्न आवश्यक बीउ पूँजीको लागि रु दश लाख आवश्यक पर्ने र तत्कालको लागि व्यास नगरपालिकालाई रु पाँच लाख सहयोग गर्न प्रस्ताव पेश गरिएको उहाँले बताउनुभयो । लघु घरेलु तथा साना उद्यमीद्वारा उत्पादित वस्तुको बिक्री वितरणमा प्रवर्द्धन र बजारीकरणमा सहयोग पुर्‍याउने उद्देश्यले कोशेली घर सञ्चालनको लागि समितिसँग सम्झौता गरिएको घरेलु तथा साना उद्योग कार्यालयका प्रमुख नारायणप्रसाद ढकालले बताउनुभयो । स्थानीयस्तरमा उत्पादन गरिएका वस्तु कहाँ लगेर बिक्री गर्ने भन्ने समस्या रहँदै आएकोमा त्यस्तो समस्याको समाधान हुने विश्वास गरिएको उहाँले बताउनुभयो ।

व्यास नगरपालिका कार्यालयले स्नातक उत्तीर्ण महिलाको उद्यमशीलताको लागि चालू आर्थिक वर्षमा रु १५ लाख बजेट विनियोजन गरेको नगर प्रमुख वैकुण्ठ न्यौपानेले जानकारी दिनुभयो । घरेलु तथा साना उद्योग महासङ्घ महिला उद्यमी समिति तनहुँले दमौलीमा सञ्चालनमा ल्याउन लागेको 'व्यास कोशेली घर'को नगरपालिकाका नगरप्रमुख न्यौपाने र उपप्रमुख जोशीले अनुगमन गर्नुभएको छ ।

# मनाङको अनुगमनमा पुग्यो सेनाको टोली

रासस
मनाङ, ९ साउन

गत जेठ १४ गतेदेखि बाढीपहिरोको जोखिममा परेको हिमाली जिल्ला मनाङको सडक सञ्जाल पूर्णरूपमा विच्छेद छ । लामो समयदेखि सडक, सञ्चार, विद्युत्बाट टुटेको मनाङको पुनःव्यवस्थापन गर्नुपर्ने अवस्था छ । बाढीपहिराले बगाएको सडकको निसानसमेत विलिन छ ।

मर्स्याङ्दी नदीको किनारैकिनार हुँदै मनाङका विभिन्न स्थान पुग्ने सडक सञ्जालका प्रायजसो ठाउँमा नयाँ ट्र्याक खोल्नुपर्ने भएको छ । सडकको निसान पूर्णरूपमा बाढीपहिरोले बगाएको छ । त्यस्ता स्थानमा नयाँ ट्र्याक निर्माण गर्न मिल्ने नमिल्नेबारे जानकारी लिन तथा सुरक्षित सडक सञ्जाल निर्माणका लागि अध्ययन तथा अनुगमन गर्न पूर्वश्रम तथा रोजगार राज्यमन्त्री एवं नेपाली कांग्रेस मनाङका सभापति टेकबहादुर गुरुङ सैनिक प्राविधिकको टोलीसहित मनाङ पुग्नुभएको छ । पूर्वमन्त्री गुरुङ नेपाली सेनाका महासेनानी इञ्जिनीयर इन्दीवर गुरुङ, अन्य प्राविधिक टोली, गण्डकी प्रदेशसभा सदस्यद्वय चिन्ताबहादुर घले र यशोदा सुवेदी गुरुङ, प्रमुख जिल्ला अधिकारी विष्णु लामिछाने, जिल्लाका प्रमुख प्रहरी नायब उपरीक्षक सुवास खड्का र समाजसेवी खामसुङ गुरुङ नेपाली सेनाको हेलिकप्टरमार्फत अध्ययन तथा अवलोकनका लागि पुग्नुभएको हो । गुरुङले सदरमुकाम चामेमा मर्स्याङ्दी नदीले क्षति पुर्‍याएको मोटरेबल पुल, झोलुङ्गे पुल तथा नदी कटान गरेको लोकप्रिय माध्यमिक विद्यालयको निरीक्षण गर्नुभएको छ । साथै मोटरेबल पुल र विद्यालय भवनको संरक्षणका विषयमा प्राविधिकसँग छलफलसमेत गर्नुभएको छ । सदरमुकाम चामेको एक मात्र सामुदायिक आवासीय लोकप्रिय माध्यमिक विद्यालयको संरक्षणमा विशेष चासोको विषय बनेको छ ।

प्राविधिकसहितको टोलीले धारापानी र ताल क्षेत्रको पनि स्थलगत अवलोकन तथा अध्ययन गरेको स्थानीयवासी थुदेन लामाले जानकारी दिनुभयो । साथै टोलीले विभिन्न समयमा आएको बाढीपहिरोले अवरुद्ध रहेको बैंसीशहर-चामे सडकखण्ड पुनःसञ्चालन गर्नका लागि अध्ययन गर्ने प्रमुख जिल्ला अधिकारी विष्णु लामिछानेले जानकारी दिनुभयो । प्राविधिक टोलीको नेतृत्व गर्नुभएका नेपाली सेनाका मिलिटेरी इञ्जिनीयर सेवाका प्रमुख महासेनानी गुरुङकै टोलीले बैंसीशहर-चामे सडकको नयाँ ट्र्याक खोल्ने कार्य गर्नेसमेत प्रजिअ लामिछानेले बताउनुभयो । "लामो समयदेखि लगातारको वर्षाले नयाँ ट्र्याक खोल्दा समस्या हुनसक्छ, पहिले अध्ययन र अनुगमनपश्चात् मात्रै सुरक्षित सडक सञ्जाल निर्माण गर्ने सेनाको प्राविधिक टोलीको तयारी छ", उहाँले भन्नुभयो । माटोको अवस्था अध्ययन तथा अनुगमनपछि सेनाको प्राविधिक टोलीले बैंसीशहर-चामे सडकखण्डको नयाँ ट्र्याक खोल्न खटिने जनाइएको छ । नयाँ ट्र्याक खोल्न सकिएमा छिट्टै मनाङवासीले सहजरूपमा सडक सञ्जालमार्फत आवतजावत गर्न पाउने छन् ।

## शिक्षक आवश्यकता

यस श्री कालिका माध्यमिक विद्यालय रुपा-१ स्यास्त्री कास्कीका लागि रुपा गा.पा.को २०७८/०४/०४ को च.नं. ०१ शिक्षाको पत्र तथा विद्य(ालय व्यवस्थापन समितिको २०७८ /०४/०८ गतेको निर्णय अनुसार तपशिल बमोजिमको करार शिक्षक पदपूर्ति गर्नुपर्ने भएकाले इन्छुक नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिन्छ।

**तपशिल**

**पद : प्रा.वि. तृतीय श्रेणी करार** **संख्या: १ जना**

**शैक्षिक योग्यता: १० + २ उत्तीर्ण**

**आवश्यक कागजातहरु:**

**शैक्षिक योग्यताका प्रमाणपत्रहरु, अध्यापन अनुमतिपत्र, नागरिकताको प्रमाणपत्र, अनुभवका प्रमाणपत्रहरुको १/१ प्रति प्रतिलिपि र हस्तलिखित निवेदन ।**

**उमेर: १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको**

**दरखास्त बुझाउने अन्तिम मिति: २०७८/०४/२२ गते (विद्यालय समय भित्र)**

**सम्पर्क मिति: २०७८/०४/२२ गते (विद्यालय समय पछि)**

**छनौट प्रक्रिया: लिखित र अन्तर्वार्ता**

**परीक्षा मिति: सम्पर्क मितिमा तोकिने छ ।**

**तलव स्केल: सोहि पदका लागि नेपाल सरकारले तोके बमोजिम ।**

**दरखास्त दस्तुर: रु ७००।–**

**पुनश्च : रित नपुगी आएका दरखास्त उपर कारवाही गरिने छैन । साथै कम्प्युटर अध्यापन गराउन सक्ने र उपल्लो योग्यतालाई प्राथमिकता दिइने छ ।**

**सम्पर्क नं. ९८५६०३५३७२, ९८५६०४४९६५**

**श्री कालिका माध्यमिक विद्यालय**

**रुपा गाउँपालिका- १, स्यास्त्री कास्की**

जन्म एउटै कर्म एउटै बाटो एउटै रहेछ ।
सबै जना विलिन हुने माटो एउटै रहेछ ॥

## हार्दिक समवेदना

जन्म:
वि. स. २०१२ असोज ०७गते



स्वर्गारोहण:
वि.स. २०७८ जेठ २४ गते

**स्व. सु. भक्त बहादुर गुरुङ**

पर्वत जिल्ला साविकको चित्रे गा.वि.स. वडा नं. २ तथा मोदी गाउँपालिका वडा नं. ८ चित्रे झरे श्वाँरा घर भई हाल पोखरा महानगरपालिका वडा नं. १० माछापुच्छ्रे टोल निवासी यस यस 4th गोर्खा राईफल्स् भू.पू. सैनिक संघ पोखराका साधारण सदस्य एवम् 1/4th गोर्खा राईफल्स भू.पू. सैनिक संघ पोखराका सदस्य **सुवेदार भक्त बहादुर गुरुङ** को ६६ वर्षको उमेरमा भएको अकल्पनीय असामयिक दुःखद निधनले हामी अत्यन्त मर्माहत र स्तब्ध भएका छौं । आज उहाँको ४९ औं दिनको पुण्यतिथिमा पितृकार्य (पूजा) चेम्बर टौंण्डाको अवसरमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै सुखवती भुवनमा प्रवेश पाउन भन्दै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति भगवान बुद्धले प्रदान गरुन भनि प्रार्थना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं ।

**क्या. गम बहादुर गुरुङ**
**अध्यक्ष**

**सु. राम प्रसाद गुरुङ**
**सचिव**

**तथा**

**सम्पूर्ण 1/4th गोर्खा राईफल्स (जेठी) /भू.पू. सैनिक संघ पोखरा**